स्वर्गद्वारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
भिंग्री, प्यूठान

सम्पर्क न : ९८५७८३६१०१/०८६-४००११७

Contacts:

Official Website: Swargadwarimun.gov.np

Email : swargadwarimunicipality01@gmail.com

# कवाडी तथा मृत जिबजन्तु बिक्रि सम्बन्धी शिलबन्दी दरभाउपत्र फाराम

## सूचना नं. २

आ. व. २०८०/८१

स्वर्गद्वारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल

सम्पर्क न : ९८५७८३६१०१/०८६-४००११७

Contacts:

Official Website: Swargadwarimun.gov.np

Email : swargadwarimunicipality01@gmail.com

## कर तथा शुल्क उठाउने सम्बन्धि शिलबन्दि दरभाउपत्र आह्वान सम्बन्धि सूचना

*तेश्रो पटक प्रकाशित मिति २०८०/१०/२०*

नेपालको संविधानको अनुसूची ८, स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी स्वर्गद्वारी नगरपालिका क्षेत्रवाट कवाडी,मृत जिवजन्तु करको लागि आ.व.२०८०/८१ मा संकलन तथा निकासी गर्नको लागि निम्न लिखित वस्तुहरुमा ठेक्का वन्दोवस्त गर्न ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुवाट तोकीएको न्यूनतम अंकवाट बढाबढ गरि स्वर्गद्वारी नगरपालिकाको कार्यालय भिंगृ,प्यूठानमा रितपूर्वक तपशिल बमोजिमको शिलबन्दी दरभाउपत्र आव्हानको सूचना प्रकाशन गरिएको छ ।

तपशिल :

१) दरभाउपत्र लिन ईच्छुक व्यक्ति, संस्था फर्म/कम्पनीले क्रमशः नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी फर्म दर्ता नविकरणको प्रतिलिपि,स्थायी लेखा नम्वर (प्यान) मूल्य अभिवृद्धि कर प्रमाण पत्रको प्रतिलिपी आ.ब. २०७९/८० को कर चुक्ता प्रमाण प्रतिलिपि संलग्न राखी रु १,०००। (अक्षेरुपी एक हजार मात्र) तिरी पछि फिर्ता नहुने गरि यस कार्यालयवाट खरिद गर्नु पर्ने छ ।

२) शिलबन्दी दरभाउ पत्रमा निर्धारित न्यूनतम अंक नघट्ने गरि कवोल गरेको रकमको अंक र अक्षरमा स्पष्ट वुझिने गरि उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा लेखिएको फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

३) सबै भन्दा वढी रकम कवोल गर्ने दरभाउदाताको कवोल अंक स्विकार गरिनेछ । स्विकृत दरभाउपत्र दाताले सम्झौता हुन पूर्व सतप्रतिशत कबोल रकम दाखिला गर्नुपर्ने छ वा कवोल गरेको ७० प्रतिशत नगद दाखिला र वाँकी ३० प्रतिशत रकम वरावरको बैंक जमानत पत्र (२०८० बैशाख मसान्त सम्म दाखिला गर्ने गरि मान्य हुने दाखिला गरेपछी मात्र कार्यदेश प्राप्त गर्न सक्नेछ ।

४) तेश्रो पटक सूचना प्रकाशन भएको मितिले सातौ दिनसम्म मिति २०८०/१०/२८ गते कार्यालय समय भित्र दरभाउ फाराम यस कार्यालयवाट खरिद गरि सोहि दिनको १२ बजे भित्र सम्ममा यस कार्यालयमा प्रस्ताव दर्ता गराई सक्नुपर्नेछ । यसरी दर्ता भएका प्रस्तावहरु २०८०/१०/२८ गते दिनको १४:०० बजे कार्यालयको अधिकारी र प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ ।

५) प्रस्ताव दर्ता गर्ने र खोलिने दिन सार्वजनिक विदा परेमा त्यपछि लगतै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

स्वर्गद्वारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
भिंग्री, प्युठान

सम्पर्क न : ९८५७८३६१०१/०८६-४००११७

Contacts:
Official Website: Swargadwarimun.gov.np
Email : swargadwarimunicipality01@gmail.com

६) शिलवन्दी दरभाउपत्रको दस्तुर यसै नगरपालिकाको राजस्व साखामा तिर्न सकिने छ वा यस नगरपालिकाको कृषि विकास बैंकको भिंग्री साखाको राजस्व खाता नः ०९२४३००९८२६१८१६९ मा जम्मा गरि सो को प्रतिलिपि सिलबन्दी खामसहित पेश गर्नु पर्ने छ र साथै निम्न उल्लेखित बिड बोन्ड बराबरको रकम यस स्वर्गद्वारी नगरपालिकाको कृषि विकास बैंक भिंग्रीमा रहेको धरौंटी खाता नं. ०९२४३००९८२६१८०४५ मा जम्मा गरेको सक्कल भौंचर पेश गर्नुपर्नेछ ।

७) म्यादनाघी वा रित नपुगी वा कुनै शर्त उल्लेख गरेको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।

८) शिलवन्दी दरभाउपत्र रहेको खाम वाहिर आफ्नो नाम ,ठेगाना,ठेक्का नम्वर उल्लेख गर्नुपर्नेछ ।

९) दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१०) एक स्थानमा कर वुझाएको रसिद पेश गरेमा सोहि वस्तुमा पुनःकर लिन पाइनेछैन ।

११) प्रचलित कानून बमोजिम लाग्ने कर दस्तुर आदि ठेक्का लिने पक्षले नै वुझाउनुपर्नेछ ।

१२) कानून वमोजिम निषेधित क्षेत्रवाट कर उठाउन पाइनेछैन ।

१३) फरक फरक ठेक्कामा फरक फरक शिलवन्दी दरभाउपत्र पेश गर्नुपर्नेछ ।

१४) यस सूचनामा कुनै कुरा छुट भएमा प्रचलित कानून बमोजिम हुनेछ ।

**१५) यस नगरपालिका क्षेत्रभित्र रहेको सिसि/मदिराजन्य पदार्थको बोत्तल र सफ्ट ड्रिक्सजन्य पेय पदार्थ जस्तै वियर/कोक इत्यादीको बोत्तलहरु सफल प्रस्तावदाताले अनिवार्य रुपमा उठाउन र व्यवस्थापन गर्न पर्ने छ ।**

| सि.नः- | ठेक्का नः- | ठेक्काको बिवरण | न्युनतम कबोल अंक | धरौटी रकम | दरभाउपत्र बोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २ | स्वर्गद्वारी नगरपालिकाको क्षेत्रभित्र कवाडी तथा मृत जीवजन्तु संकलन/बिक्रि | २,५०,०००।- | कबोल अंकको ५ % ले हुन आउने रकम | १००० ।- | |

स्वर्गद्वारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
भिंगी, प्युठान

सम्पर्क न : ९८५७८३६१०१/०८६-४००११७
Contacts:
Official Website: Swargadwarimun.gov.np
Email : swargadwarimunicipality01@gmail.com

(प्रस्ताव दाताले आफ्नो दरभाउ भरी सहिछाप गरेर पेश गर्नुपर्ने )

आ.व. २०८०/८१ को लागि कवाडी तथा मृत जीवजन्तुको कर सम्बन्धि कबोल अंक

| सी.न. : | बिवरण | इकाई | संख्या | प्रति एकाई दर | | जम्मा कबोल अंक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | अङ्कमा | अक्षरमा | | |
| १. | कवाडी तथा मृत जीवजन्तु बिक्रि/निकासी सम्बन्धि | वटा | १ | | | | |

...................

फर्म/व्यक्तिको नाम :

ठेगाना :

फर्मको छाप /व्यक्तिको हस्ताक्षर: